D.A.O. Reg. No. 1210 SWC Reg. No. 33344

THRD Alliance
For Equity and Justice

# तराई मानव अधिकार रक्षक सञ्जाल
# TERAI HUMAN RIGHTS DEFENDERS ALLIANCE

२६ जुन २०१७

**यातना विरुद्धको महासन्धिको ऐच्छिक उपलेख पारित गर**

यातना पिडीतहरुको सहयोगका लागी अन्तर्राष्ट्रिय दिवसको अवसरमा तराई मानव अधिकार रक्षक संजालले यातनाको प्रयोगलाई अन्त्य गर्न र यातना पिडीतहरुलाई न्याय प्रदान गर्न जाेडदार माग गर्दछ । यातना विरुद्धको महासन्धिको ऐच्छिक उपलेख पारित भएबाट हिरासत अनुगमनको लागी एउटा प्रभावकारी निरोधात्मक प्रणालीको स्थापना हुनेछ जो यातना न्युनिकरणको लागी एउटा महत्वपुर्ण कदम मानिनेछ ।

तराई मानव अधिकार रक्षक संजालले तराईका १९ जिल्लाका विभीन्न थुनाकेन्द्रहरुमा २३.७६ प्रतिशत थुनुवाहरुले विभीन्न प्रकारका शारीरीक तथा मानसिक यातना पाएको अभिलेखन गरेको छ । स्वेच्छाचारी तथा गैर कानुनी थुनामा रहेका थुनुवाहरुको संख्या १३.५६ प्रतिशत रहेको छ जसलाई २४ घण्टाभित्र अदालतमा उपस्थित गराइएको छैन ।

यातना पिडीतहरुले न्याय पाउनका लागी थुप्रै चुनौतिहरुको सामना गर्नुपरिहेको छ । यातनाको विरुद्धमा अपर्याप्त कानुन, कानुनमा यातनालाई फौज्दारी अपराध घोषणा नगरिनु, क्षतिपुर्तिको अपर्याप्त व्यवस्था, यातना पिडीतको लागी विशेषज्ञ चिकित्सकको अभाव, अदालतबाट मुद्दामा ढिलो फैसला हुनु, पिडकहरुको विरुद्ध फौजदारी अभियोग नलाग्नु, पिडीत तथा मानव अधिकार रक्षकहरुलाई धम्की, अनुचित प्रभावका कारण अदालतबाहिरै मुद्दा मिलाइनु जस्ता कारणहरुले यातनाको प्रयोग निरन्तर भइरहेको छ ।

तराई मानव अधिकार रक्षक संजालले अदालतले क्षतिपुर्ति दिने फैसला गरिसक्दापनि पिडीतहरुले क्षतिपुर्ति पाउन धेरै लामो समय कुर्नुपरेको अनुभव गरेको छ । यसले गर्दा पिडीतहरुलाई थप निराशा हुनजान्छ । राष्ट्रिय मानव अधिकार आयोगको सिफारिशहरु निरन्तर रुपमा उपेक्षित हुदै आएको छ । सन २०१४ मा नै संसदमा पेश भएको यातना विरुद्धको नयाँ कानुन हालसम्म पारित हुनसकेको छैन । रष्ट्रिय मानव अधिकार आयोग थुनाकेन्द्रहरु र यातना पिडीतहरुलाई नियमित रुपमा अनुगमन गर्न प्रभावकारी देखिएको छैन ।

यातनाको प्रयोगलाई निर्मुल गर्न तराई मानव अधिकार रक्षक संजालले सरकारलाई फेरी पनि जोडदार अपिल गर्दछ कि यसले आफनो विस्वव्यापी मानव अधिकारको प्रतिवद्धताहरु, विस्वव्यापी आवधिक समीक्षामा नेपाललाई दिइएको सुझावहरु तथा रष्ट्रिय मानव अधिकार आयोगले दिएको सिफारिशहरुलाई पालना गरोस, यातना विरुद्धमा अन्तर्राष्ट्रिय मानव अधिकारका सिद्धान्तबमोजीम नयाँ कानुन निर्माण होस, यातना विरुद्धको महासन्धिको ऐच्छिक उपलेख पारित गरियोस र यातना पिडीतहरुको लागी प्रभावकारी र सहज न्यायमा पहुँच वढाइयोस ।

सतिश चन्द्र साह

मिडिया तथा संचार संयोजक

**Collective Voice for Equity and Justice**
THRD Alliance, Jaleshwor-4, Mahottari. Secretariat Office- Terai Justice Center, Kathmandu, Tinkune
Tel: +9771 5100696, Email: thrdalliance@gmail.com